# अन्तराष्ट्रिय मूद्रा कोष (बाहिरीय सम्बन्ध विभाग)

प्रेस विज्ञप्ती नं. २०  
तुरुन्त निश्कासन निमित्त

अन्तराष्ट्रिय मूद्रा कोष  
वासिङ्गटन डि.सी. २०४३१,  
यू.एस.ए.

फेब्ररी ८ । २०१३

**अन्तराष्ट्रिय मुद्राकोषका अधिकारीहरुको नेपाल भ्रमण सम्पन्न भएको ।**

फेब्रुवरी ३ देखी ८, २०१३ मा Mr. Todd Schneider को नेतृत्वमा IMF को अधिकारीहरुको टोलीले आर्टीकल IV को परामर्श पछि बृहत आर्थिक विकाश बारे मुल्यांकन गर्न काठमाडौंको भम्रण गर्‍यो । (सो सम्बन्धि प्रतिवेदन २०१२ को परामर्श बारे जानकारी वेभ साइट www.imf.org/nepal मा उपलब्ध छ, सार्बजनिक जानकारी सुचना नं. १२ । १३८ पनि हेर्नु होला ।) टोलीले माननीय अर्थमन्त्री पुन, नेपाल राष्ट्र बैंकका गर्भनर खतिवडा, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष्य क्षेत्री ,अर्थसचिव सुवेदीज्यू लगायत सरकारी उच्च पदाधिकारीहरुसँग छलफल गरेको थियो । टोलीले विकास सम्बन्धि साझेदारहरु र निजी क्षेत्रका प्रतिनिधहरुसँग पनि भेटघाट गरेको थियो ।

यात्राको समाप्तिमा नेपालका निमित्त IMF टोलीका प्रमुख Mr. Todd Schneider ले काठमाडौंमा निम्न बमोजिमको बिज्ञप्ती जारी गर्नुभएको छ ।

“गत नोभेम्बरमा IMF को वार्षिक आर्टिकल IV को परामर्श पछि नेपालको आर्थिक वृद्धि बाहिरी तथा आन्तरीक दुबै कारणले कमजोर भएको छ । नेपालका व्यापारिक साझेदारहरु, खास गरेर भारतले त्यस समयमा सोचेको भन्दा अत्यन्त कम दरमा बृद्धि गरेको छ । ढिलो मनसुनका कारणले कृषि उत्पादन कमजोर भएको छ । घरेलु कारणहरु पनि महत्त्वपुर्ण छन्, खासगरी बजेट सम्बन्धि अनिश्चितता जसले आर्थिक बर्ष २०१२ । १३ मा खर्च गर्नुपर्ने योजनाहरु लाई टाढा पुर्‍याई कार्यन्वयन गर्न नसक्नु ठुलो कारण बनेको छ । चालु आर्थिक बर्षको बजेट मा खर्चको वर्गीकरणमा कानूनी व्यबस्थाको स्पष्टताको कमी अर्थात सरकारले आर्थिक बर्ष २०१२।१३ मा महत्त्वपूर्ण वचत कायम गरेको छ । यस्तो साघुरो आर्थिक अवस्था

दुर्भाग्यपूर्ण हो । जसले पहिले देखिको मन्द गतिको आर्थिक अवस्थालाई अझ तल खसाल्ने छ ।”

“मुद्रास्फीति समाल्न गाह्रो हुने गरी उच्च रहने छ जबकि बाहिरी चालु खाता बचत घटेको छ । बर्षको पहिलो पाँच महिनामा आयात बढ्नाले र निर्यात खस्कनाले नेपालको व्यापार घाटा (अमेरिकी डलरमा) बढिरहेको छ । नेपाली नागरिकले बिदेशमा गई काम गरेको कारणले रेमिटेन्स बढ्ने क्रम रहेको छ तर मन्द गतिमा यसरी आएको रेमिटेन्सले आन्तरिक आम्दानी बढ्नमा मद्दत पुऱ्याएको छ । साथै, कम टिकाउ भएका उपभोग्य बस्तुहरुको आयात गर्न समेत बल पुऱ्याएको छ ।”

“टोलीले उच्च गरिबी निवारण तथा सार्वजनिक पुँजीगत खर्च दुबै बढाउनको लागि सरकारी खर्च बढाउने सम्वन्धमा उपायहरु अवलम्वन गर्न नेपाली अधिकारीहरुसँग आग्रह गरेको छ । आर्थिक बर्षको ढिलो अवस्थामा पनि आर्थिक बर्ष २०१२ । १३ को पूर्ण बजेट अध्यादेश बाट आएमा स्वागतयोग्य हुनेछ । अझ महत्वपूर्ण कुरा टोलीले आर्थिक बर्ष २०१३ । १४ को बजेट अध्यादेश चाँडो स्विकृती गर्न सिफारीस गरेको छ ताकी सम्बन्धित मन्त्रालयहरुलाई योजना बनाउन सहज होस र आउदो आर्थिक बर्षमा ढिलो बजेट आउने क्रम रोकियोस ।”

“अर्को आर्टिकल IV को परामर्श टोली २०१३ को दोस्रो अर्ध बार्षीक समयमा हुनसक्ने आशा गरीएको छ ।  अहिलेलाई IMF का अधिकारीहरु विभिन्न प्राविधीक सहयोग र तालीम जस्ता क्रियाकलापमा समेत नेपाली अधिकारीहरुसँग नजिक भएर काम गर्ने छन् ।”